# गैर सरकारी संस्थामहासंघ नेपाल

# NGO FEDERATION OF NEPAL

मिति : २०७६/१२/०६

## आव्हानपत्र

कोरोना भाइरस (COVID 19) को संक्रमण विश्वव्यापी रुपमा तिव्र गतिमा फैलिरहेको छ । विश्वव्यापी रुपमा महामारीको रुपमा रहेको कोरोना भाइरसको संक्रमणबाट बच्न नेपाल सरकारले हालसाल जारी गरेको सूचना तथा निर्देशनहरुलाई समेत मध्यनजर गर्दै गैर सरकारी संस्था महासंघ नेपालको समेत गम्भिर ध्यानाकर्षण भएकाले निम्न कुराहरु गर्न गराउन सम्पूर्णमा अनुरोध गरिन्छ ।

- नेपाल सरकार र मातहतका निकायहरुसँग कोरोना भाइरस संक्रमण नियन्त्रण गर्न आवश्यक सहकार्य गर्न सकिने अवस्था तथा अवसर भए यसलाई निरन्तरता दिने ।
- धेरै जना भेला हुनु पर्ने कार्यक्रमहरु सभा, सम्मेलन, अन्तरक्रिया, छलफल यथासम्भव आयोजना नगर्ने ।
- कार्यालय पसिरसर र कार्यकक्षको सरसफाईमा विशेष जोड दिने ।
- व्यक्तिगत रुपमा स्वस्थकर तथा सजगतापूर्ण आनीबानी अपनाउने ।
- समुदाय स्तरमा कोरोना सम्बन्धी जनचेतना अभिवृद्धि गर्न आ-आफ्नो संयन्त्रहरु परिचालन गर्ने ।
- बजारमा उपभोग्य सामग्रीको कृतिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालो बजारी, मिसावट गर्ने र गराउने सम्बन्धि क्रियाकलाप भएमा खबरदारी गर्ने र स्थानीय सरकार वा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउँने ।
- सम्भव भए सम्म कर्मचारीहरुलाई घरमा बसि कार्यालयको काम गर्ने वातावरण बनाउने ।
- भ्रामक समाचार फैलाउँने गरि कुनै पनि सामाजिक सञ्जालमा अभिव्यक्ति नदिन सचेतनामुलक अभियान संचालन गर्ने ।
- स्थानीय पत्रपत्रिका, टेलिभिजन, एफ. एम. रेडियो र सामाजिक सञ्जालबाट कोरोना सम्बन्धी सचेतनामुलक सामग्रीहरु सम्प्रेषण गर्ने ।

**कोरोनाको संक्रमणबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं ।**

जितराम लामा
अध्यक्ष

(A National Federation of NGOs in Nepal)
P.O.Box 7768, New BaneshworBuddhanagar, Kathmandu ■ Phone: 977-1-4782908, 4781368
Fax: 977-1-4780559, E-mail: info@ngofederation.org ■ Website: www.ngofederation.org